परिच्छेद ३

# ३.६ यार्सागुम्बाका कारण हुने बसाइसराइले बालबालिकामा पारेको असर

**पृष्ठभूमि**

वातावरण विनाश, कम उब्जनी हुने जमिन, भौगोलिक विकटता, बाढीपहिरो, भूकम्प र विभिन्न प्राकृतिक प्रकोपहरूबाट प्रभावित भई जीविका एवम् आयआर्जनका सम्भावनाहरूले हिमाली क्षेत्रबाट हुने बसाइसराइको हालैका वर्षहरूमा प्रचलित बनेको छ। गर्मीयाममा लेकहरूमा बसाइँ सर्ने परम्परागत प्रचलन थियो। तर, हालैका दशकहरूमा चिसोयाममा उच्च भूभागतर्फ यार्सागुम्बा सङ्कलन गर्न मौसमी बसाइसराइ गर्ने अभ्यास बढ्दै गएको देखिन्छ।

यार्सागुम्बाको सङ्कलनका क्रममा हिउँदमा तीन महिनासम्म हुने बसाइसराइले बालबालिकाको शारीरिक मानसिक विकासका साथै पठनपाठनमा समेत नकारात्मक असर पर्ने गरेको छ। यार्सागुम्बाको सङ्कलन गर्न हिमाली क्षेत्रमा बसाइ सर्नेहरूको आधारभूत अधिकार रक्षा हुन नसकेका कारण मृत्यु र अन्य दुष्चक्रमा नागरिक अधिकार पिल्सिएका यथार्थ हाम्रो सामु देखिएका छन्। आजका बालबालिका भोलिका भविष्य जसको शिक्षा, स्वास्थ्य तथा सर्वाङ्गीण विकासको सुनिश्चितता नगरी मौसमी रूपमा उनीहरूलाई समेत संग्लन गराएर गरिने यस प्रकारको बसाइसराइको निरन्तरताले नकारात्मक प्रभाव परेको छ।

नेपालको संविधान २०७२ ले प्रत्येक नागरिकलाई आधारभूत तहसम्मको शिक्षा अनिवार्य र नि:शुल्क पाउने व्यवस्था गरेको छ। तर, आर्थिक दूरावस्थाले यहाँका बालबालिकाहरू विद्यालय अध्ययन गर्न र घरायसी आवश्यकता पूर्ति गर्नकै लागि यार्सागुम्बा टिप्न मौसमी बसाइसराइ गर्न बाध्य हुनु परेको छ। राज्यले यार्सागुम्बा व्यवस्थापन सङ्कलन तथा ओसारपसार निर्देशिका २०७३ जारी गरेको छ। यो निर्देशिकाले नागरिकता नपाएका बालबालिकालाई यार्सागुम्बा सङ्कलनमा रोक लगाएको भएता पनि ऐनको प्रभावकारी कार्यान्वयन नहुँदा बालबालिका हरेक वर्ष जोखिमपूर्ण बालश्रममा पर्दै आएका छन्। बालबालिकासँगै तीन महिनाका लागि लेकतर्फ बसाइँसराई गर्ने दार्चुला जिल्लाको अपिहिमाल गाउँपालिका र ब्यास गाउँपालिकामा यार्सागुम्बाको सङ्कलनको क्रममा अभिभावकसँगै बालबालिकासमेत प्रत्यक्ष रूपमा सहभागी हुँदै आएको सन्दर्भलाई मध्यनजर गरेर यस अध्ययनमा त्यस क्षेत्रमा रहेका बालबालिकाको अधिकारमा परेको प्रभावको अध्ययन गर्ने उद्देश्यले इन्सेकले यो अध्ययन गरेको छ।

मौसमी बसाइँसराइका कारण हिमाली क्षेत्रका विद्यालयहरूमा वार्षिक क्यालेन्डर अनुसार पठनपाठन हुन सकेको देखिँदैन। आर्थिक उपार्जनकै लागि जिल्लाका दुई ओटा स्थानीय तह अपिहिमाल र व्यास गाउँपालिकाका २ हजार ४४ छात्र सहित ४ हजार ५ सय ४९ जना बालबालिकाको पठनपाठनमा प्रत्यक्ष अवरोध पुग्ने गरेको अपिहिमाल गाउँपालिका शिक्षा शाखाका प्रमुख बिरेन्द्र साउदले बताए। यार्सागुम्बाको सङ्कलन गरी लेकबाट फर्किएपछि स्वास्थ्य जाँच नहुनु, पठनपाठन पूरा गर्न स्थानीय सरकारले घुम्ती विद्यालय वा अतिरिक्त कक्षा प्रभावकारी सञ्चालन गर्न नसक्नु थप चुनौतीका रूपमा रहेको छ।

यो अध्ययन दार्चुला जिल्लाका अपिहिमाल र व्यास गरी दुई ओटा गाउँपालिकामा केन्द्रित गरिएको छ। अध्ययनका क्रममा प्राथमिक र द्वितीय श्रोतबाट प्राप्त जानकारीहरू समावेश गरिएको छ। अध्ययनबाट प्राप्त तथ्याङ्क र तथ्यको विश्लेषण र प्रस्तुति, अध्ययन प्रतिवेदन, सञ्चार माध्यममा प्रकाशित समाचार, जिल्ला प्रहरी कार्यालयको तथ्यतथ्याङ्क, अपीनाम्पा संरक्षण क्षेत्रको तथ्याङ्क, स्थानीय तहका शिक्षा शाखाको अभिलेखको अध्ययनका आधारमा विश्लेषण गरिएको छ। अध्ययनका क्रममा यहाँका स्थानीय समुदाय, स्थानीय तहका प्रमुख, शिक्षा शाखाका प्रमुखसँगको अन्तरक्रिया, छलफल र सरोकारवाला पक्षहरूसँग सम्बाद, अन्तर्वार्ता र प्रश्नोत्तर गरी दार्चुला जिल्लास्थित हिमाली क्षेत्रका बालबालिकाहरूको शिक्षाको अधिकार र मौसमी बसाइँसराइले बालबालिकाको शिक्षामा पारेको प्रभावको अवस्था विश्लेषण गर्ने प्रयास गरिएको छ।

## यार्सागुम्बा सङ्कलनको मौसमी यात्राः बाल अधिकार संरक्षणमा थपिएको चुनौती

नेपाल बालबालिकासम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिको पक्ष राष्ट्र भएको सन्दर्भ र नेपालको संविधानको धारा ३९ को उपधारा २ र ४ मा बालबालिकाको हकको प्रत्याभूत गरिएको अवस्थामा बाल अधिकारका आधारभूत पक्षहरू (संरक्षण, विकास, सहभागिता, जीवन अधिकार) प्रति राज्य जबाफदेही हुन जरुरी छ। धारा ३९ को उपधारा २ मा प्रत्येक बालबालिकालाई परिवार र राज्यबाट शिक्षा, स्वास्थ्य, पालनपोषण, उचित स्याहार, खेलकुद, मनोरञ्जन तथा सर्वाङ्गीण विकासको अधिकार र उपधारा ४ मा कुनै पनि बालबालिकालाई कलकारखाना, खानी, वा यस्तै अन्य जोखिमपूर्ण काममा लगाउन नपाइने व्यवस्था गरिएको छ। तर, दार्चुला जिल्लाका हिमाली क्षेत्रका बालबालिकाले यी अधिकारहरूको उपभोग गर्न पाएका छैनन्। उनीहरू विद्यालय जान छोडेर ज्यान जोखिममा पारेर यार्सागुम्बाको सङ्कलनका लागि अभिभावकहरूसँगै लेक जाने र त्यसक्रममा ज्यानसमेत गुमाउनु परेको अवस्था छ।

नौगढ गाउँपालिका-४ का रघुवीरसिंह धामीका छोरा कक्षा १२ मा अध्ययनरत महेशसिंह धामीको बुबासँगै अपिहिमालको लोलुमा यार्सागुम्बा सङ्कलन गर्न गएको बेला २०७८ जेठ २३ गते भिरबाट लडेर मृत्यु भयो। उनी पढाइ खर्च जुटाउन भनेर लोलुमा पुगेका थिए। अपिहिमाल गाउँपालिका-३ कार्टैकाकी ४ छोरी र १ छोराकी आमा जयमती कार्कीको २०७८ जेठ १७ गते गाउँ नजिकैको मिच्छा वनमा यार्सागुम्बाको सङ्कलनको क्रममा भीरबाट लडेर मृत्यु भयो। उनी यार्सागुम्बा खोज्न जेठ १० गते मात्रै पाटन पुगेकी थिइन्। अपिहिमाल गाउँपालिका-५ का चुन्धरी धामीको सातगंगा वनमा यार्सागुम्बाको सङ्कलनको लागि गएको बेला २०७८ जेठ पहिलो साता पाटन मै मृत्यु भयो। सामान्य पेट दुख्ने बिरामी धामीको औषधीउपचार नपाउँदा ज्यान गएको थियो। अपिहिमाल गाउँपालिका-४ का मोहनसिह ठेकरे ०७८ जेठ पहिलो साता हिउँ पहिरोमा परेर बेपत्ता भए। जसले गर्दा आश्रित बालबालिकाको लालनपालन र अधिकार सुरक्षामा गम्भीर चुनौती सृजना भयो।

यार्सागुम्बाको सङ्कलन गर्न गएका अपिहिमाल गाउँपालिका-३ का १५ वर्षीया ववना धामी, १८ वर्षीय मिसन बोहरा, मार्मा गाउँपालिका वडा नम्बर ४ का २० वर्षीया धाना महता अपिहिमालको धरमघर र घट्टेखोलामा यार्सागुम्बा खोज्दै गर्दा २०७६ जेठ पहिलो साता लडेर घाइते भएको जिल्ला प्रहरी कार्यालय, दार्चुलाको तथ्याङ्कमा उल्लेख छ। जिल्ला प्रहरी कार्यालयका अनुसार यार्सागुम्बा सङ्कलनका क्रममा २०७३ मा एक जनाको मृत्य र एक जना घाइते, ०७६ सालमा चार जनाको मृत्यु र १० जना घाइते, ०७७ सालमा दुई जनाको मृत्यु भयो। व्यास गाउँपालिकाका दानसिंह विष्टले यार्सागुम्बाको सङ्कलनको क्रममा हिउँ पहिरोमा परेर, खोला तर्ने क्रममा मान्छेको ज्यान जाने, बेपत्ता हुने गरेको र यार्सागुम्बाको सङ्कलन गर्न गएकाहरूको स्वास्थ्य परीक्षण हुन नसक्दा समस्यामा पर्ने गरेको बताउनु हुन्छ।

यार्सागुम्बा र जडिबुटी सङ्कलनको क्रममा अधिकांश बालबालिकालाई प्रोत्साहन गरिने गरेको पाइन्छ। वयस्क र वृद्ध भन्दा बालबालिकाका तेजिला आँखा र फुर्तिलो शरीरले सहजै यार्सागुम्बा देख्नुका साथै छिटो भेट्टाउने भएपछि अभिभावकले बालबालिका आफैसँग लिएर जाने गर्दछन्। तीन महिना यार्सागुम्बा सङ्कलन गर्दा वर्षभरी घरखर्च चलाउन सहज हुने भएकोले अभिभावकहरूले सबै परिवार आफूसँगै लेकमा लैजाने गरेको पाइन्छ। यार्सागुम्बा सङ्कलन गर्ने समयमा यस क्षेत्रका सबै विद्यालयहरू त्यसै पनि एक महिनासम्म बिदा हुने र अरु दुई महिना समेत उनीहरू विद्यालय बाहिर हुने भएकोले पढ्न पाउने अधिकारबाट वञ्चित हुनु परेको छ।

### शिक्षामा प्रभाव

हिमाली क्षेत्रका स्कुल जाने विद्यार्थी तथा शिक्षण कार्यमा संलग्न शिक्षक समेत यार्सागुम्बाको मौसममा करिब दुई/ तीन महिनाका लागि स्कुलहरू नै बन्द गरी यार्सागुम्बा सङ्कलन गर्न जाने गरेका कारण प्रत्यक्ष रूपमा बालबालिकाको पठनपाठनमा प्रतिकूल असर पर्ने गरेको अध्ययनका क्रममा पाइयो। यार्सागुम्बा चिन्न ज्यादै कठिन हुने र यस्तो कामका लागि ज्येष्ठ नागरिकभन्दा बालबालिकाहरूको तेजिलो दृष्टिका कारण बढी सक्षम हुने भएकाले स्कुल जाने बालबालिकाहरू उल्लेख्य सङ्ख्यामा यार्सागुम्बा सङ्कलनमा सामेल हुने गरेको पाइयो। यस कार्यले तत्कालका लागि परिवारको आयआर्जनमा वृद्धि हुने भए पनि बालबालिकाको शिक्षामा प्रतिकूल प्रभाव पर्ने गरेको छ।

**सामाजिक व्यवहार**

यार्सागुम्बाको सङ्कलन तथा बिक्री वितरणमा संलग्न स्थानीय बासिन्दाहरूको आयआर्जनमा केही सहजतासँगै मादक पदार्थको सेवन, र जुवातास खेल्ने प्रवृत्ति बढेको सम्बन्धित सरोकारवालाहरूको भनाइ रहेको छ। यसप्रकार यार्सागुम्बाबाट प्राप्त आम्दानी उत्पादनशील गतिविधिमा लगानी गर्नुको सट्टा मादक पदार्थ सेवन, जुवातास र खानपिनमा नै बढी खर्च हुनुले भविष्यमा यहाँका नागरिकको जीविकोपार्जनमा ठूलो समस्या पर्नसक्ने देखिएको छ। यसको नकारात्मक असर परिवार तथा बालबालिकाहरूको समग्र विकास र व्यवहारमा पर्ने देखिएको छ।

**स्वास्थ्यमा असर**

हिमाली क्षेत्रको चिसो मौसमले यार्सागुम्बा सङ्कलनमा जाने मानिसको स्वास्थ्यमा प्रतिकूल प्रभाव पर्ने गरेको पाइन्छ। आर्थिक प्रलोभनका कारण दम, बाथ, ब्लडप्रेसर लगायतका स्वास्थ्यसम्बन्धी समस्याहरू भएका मानिससहित बालबालिकासमेत यार्सागुम्बा सङ्कलनको लागि जाने हुँदा यसले स्वास्थ्य स्थितिमा थप समस्या आउने गरेको छ।

**सुरक्षामा चुनौती**

यार्सागुम्बाको सङ्लनका क्रममा देखिएको समस्याहरूमा बालबालिकाको शान्ति सुरक्षा तथा संरक्षणको समस्या पनि एक हो। यार्सागुम्बा सङ्कलनका क्रममा झैझगडा तथा द्वन्द्वले कहिलेकाहीं हिंसात्मक रूप लिंदा मानिसहरूको ज्यानैसमेत जाने गरेको छ। यसको प्रभाव यार्सागुम्बा सङ्कलनमा सहभागी बालबालिकाहरूको मानसिक तथा शारीरिक सुरक्षामा परेको स्थानीयहरूले प्रतिक्रिया दिएका छन्।

**सरोकारवालाको भनाइ**

व्यास गाउँपालिकाका अध्यक्ष मङ्गलसिंह धामीका अनुसार व्यास गाउँपालिका-२ र ३ का सबै विद्यालय यार्सागुम्बा टिप्ने मौसममा  बन्द हुने गरेका छन्। मुख्य आयस्रोत यार्सागुम्बा सङ्कलन  नै हुन गएका कारण बालबालिकालाई अभिभावकले नै सँगै लिएर जाने गरेको देखिन्छ। पाटन क्षेत्रमा यार्सा टिप्ने मौसमा पठनपाठन पूरै अवरुध्द हुने गरेको छ। गाउँ फर्किएपछि पनि वर्षा लगायतका कारणले अतिरिक्त कक्षा तथा घुम्ती विद्यालय सञ्चालन गर्ने गरिएको छैन।

अपिहिमाल गाउँपालिकाका अध्यक्ष, भगतसिंह ठेकरे बोहराका अनुसार अपिहिमाल गाउँपालिकाको वडा नम्बर १, २, ३, ४ र ६ का अधिकांश बालबालिका यार्सागुम्बा सङ्कलनमा जाने गर्छन्। बालबालिकासँगै केही शिक्षकहरू समेत यार्सागुम्बा सङ्कलनमा जाने गरेका छन्। यार्सागुम्बाकै कारण यहाँका नागरिकको आयस्रोत बढेको हो। एकाएक यसलाई बन्द गर्दा पनि आर्थिक श्रोत उपार्जनको बाटो रोकिन्छ। बालबालिका यार्सागुम्बा सङ्कलनका लागि कामकाजी हुने हुँदा अभिभावकले आफूसँगै लिएर जाने गर्छन्। विगतमा यार्सागुम्बा सङ्कलनको क्रममा बाटोमा लडेर घाइते हुने, भीरबाट लड्ने जस्ता घटना भएका छन्। झण्डै एक महिना विद्यार्थीको पढाइ अवरोध हुने गरेको छ। हामीले शिक्षकहरूलाई छुटेको कोर्ष पूरा गराउनतर्फ विद्यालयको कक्षा बढाउन भनेका छौँ। छुट्टै कक्षा लिन सकिँदैन। तर, थप कक्षा लिएर पाठ्यक्रम पूरा गराउनेतर्फ हामीले भूमिका खेलेका छौँ।

शिक्षा विकास तथा समन्वय इकाईका प्रमुख जयराज पन्तका अनुसार हिमाली क्षेत्रमा दशकौंदेखि यार्सागुम्बा सङ्कलन भइरहेको छ। यार्सागुम्बा सङ्कलनको समयमा हाम्रा बालबालिकाहरू पनि जाने गरेका छन्। हामीले हाम्रो तर्फबाट सकेसम्म विद्यालय बन्द गर्नु हुँदैन। विद्यार्थीको पढाइ प्रभावित हुन्छ। सिकाइ प्रक्रिया पूरा गर्न सक्दैनन् भनेर विगतदेखि नै विद्यालयलाई निर्देशन दिँदै आएका छौँ। तर, पूर्ण रूपमा कार्यान्वयन हुन सकिरहेको छैन। यार्सागुम्बाकै कारण शहरका विद्यार्थी भन्दा गाउँका विद्यार्थीको पढाइस्तर कमजोर हुने गरेको छ। एक महिना हुने विद्यालय बन्दलाई अरु बेलामा थप पढाउन सकिन्छ।

गोपालसिहं धामी, अपिहिमाल गाउँपालिकाका गोपालसिंह धामीका अनुसार यार्सागुम्बा, खिराउलो, पाँचऔंले, कटुकी , सतुवा खोज्न थालेपछि स्थानीयको दैनिकी परिवर्तन भयो। छोराछोरी पढाउन थाले। तीन महिना कडा मेहनत गरेर वर्षभरीको जोहो हुन थाल्यो। बिरामी हुँदा स्वास्थ्य उपचार गराउन सक्ने भए। हिमाली क्षेत्रको जडिबुटीले यहाँका नागरिकको दिनचर्यामा फेरबदल गरिदिएको छ। योसँगै बालबालिकाको पठनपाठनमा नकारात्मक प्रभाव पनि परेको छ।

**निष्कर्ष**

हिमाली जिल्लाका जनताको जीवनयापन

व्यवस्थित हुन नसक्नु र आर्थिक रूपमा सम्पन्न नहुनु पनि मौसमी बसाईसराइको प्रमुख कारण देखिएको छ। हिमाली क्षेत्रमा बसोबास गर्ने नागरिकहरूको अन्य आयस्रोत नभएपछि उनीहरू जडिबुटी सङ्कलन कार्यलाई प्राथमिकता दिने गरेका छन्। आर्थिक उपार्जनकै मुख्य स्रोतका रूपमा रहेको यार्सागुम्बा तथा बहुमूल्य जडिबुटी सङ्कलनका क्रममा अभिभावकहरूले नै बालबालिकालाई सँगै लेकतर्फ लैजाने गरेका छन्। हिमपात हुने क्षेत्रका बासिन्दाहरू बेसी तथा तराईका क्षेत्रमा बसाइसराइ गर्ने गरेका छन्। हिमाली क्षेत्रका विद्यालयहरूको पठनपाठनलाई थप प्रभावकारी बनाउनका लागि घुम्ती विद्यालय सञ्चालन गरिने व्यवस्था भए पनि प्रभावकारी रूपमा सञ्चालन हुन सकेको छैन। अतिरिक्त कक्षाहरू सञ्चालन गर्ने गरिएको छैन। यहाँका नागरिकहरूका लागि रोजगारीका अवसरहरू सृजना भएको पाइँदैन। यस्तै कारणले गर्दा उनीहरू बसाइँसराई गर्न बाध्य हुनु पर्ने र यसको नकारात्मक प्रभाव बालबालिकाको शिक्षा र स्वास्थ्यमा पर्ने गरेको छ।

**सुझावहरू**

**(क) अल्पकालीन रूपमा कार्यान्वयन गर्नु पर्ने**

- यार्सागुम्बा सङ्कलनका लागि जाने बालबालिकाहरूका स्वास्थ्य र शैक्षिक चुनौतीहरूबारे अभिभावक सचेतना कार्यक्रम सञ्चालन हुनुपर्दछ। बालबालिकाको भविष्य बनाउने महत्वपूर्ण जिम्मेवारी अभिभावकको हुने भएकाले यो समस्या समाधानका लागि पहिलो चरणमा अभिभावकहरू नै सचेत हुनु पर्दछ। साथै, स्थानीय तहबाट गर्न सकिने सहयोग र पहलमा कुनै कमी हुन दिनु हुँदैन।
- अर्को व्यवस्था हुन नसक्दा अभिभावकसँगै यार्सागुम्बा सङ्कलनमा जाने बालबालिकाका लागि न्यानु कपडा, अस्थायी स्वास्थ्योपचारका व्यवस्था, घुम्ती र अतिरिक्त शिक्षाको विशेष व्यवस्था हुनु उपयुक्त देखिन्छ।

**(ख) दीर्घकालीन रूपमा कार्यन्वयन गर्नु पर्ने**

- हिमाली क्षेत्रमा बसोबास गर्दै आएका स्थानीयहरूको आर्थिक उपार्जनका लागि तीनै तहका सरकारहरूले रोजगारीका अन्य अवसरहरू सृजना गर्नु पर्छ।
- आर्थिक अवस्था कमजोर भएका परिवारका बालबालिकाका लागि संवैधानिक व्यवस्था बमोजिम अनिवार्य र निःशुल्क शिक्षाका कार्यान्वयन गर्न विशेष छात्रवृति कार्यक्रम स्थानीय तहबाट सञ्चालन गर्नु पर्छ।
- हिमाली क्षेत्रमा हुने मौसमी बसाइँसराईका कारण वार्षिक शैक्षिक कार्यतालिका अनुसार समयमा नै पठनपाठन क्रियाकलाप सम्पन्न नहुने भएकोले घुम्ती विद्यालय र अतिरिक्त कक्षाहरू सञ्चालन गर्न गराउनु पर्छ।
- तीनै तहका सरकारले हिमाली क्षेत्रका बासिन्दाहरूको स्वास्थ्य अधिकारको सुनिश्चितताका लागि सहज पहुँच हुने गरी सुविधायुक्त स्वास्थ्य चौकी तथा अस्पताल सञ्चालन गर्नु पर्छ।
- अपिनाम्पा संरक्षण क्षेत्र कार्यालयले यार्सागुम्बा व्यवस्थापन सङ्कलन तथा ओसारपसार निर्देशिका २०७३ मा नागरिकता भएका व्यक्तिहरू मात्रै यार्सागुम्बा सङ्कलन गर्न जान सक्ने व्यवस्था गरेकोले यस व्यवस्थालाई पूर्ण रूपमा कार्यान्वयन गरी बालबालिकाको मौसमी बसाइसराईलाई रोक्नु पर्छ।

**सन्दर्भ सामग्री**


१. जिल्ला प्रहरी कार्यालय, दार्चुलाको तथ्याङ्क

४. अपिहिमाल र व्यास गाउँपालिका शिक्षा शाखाको तथ्याङ्क

५. यार्सागुम्बा व्यवस्थापन (सङ्कलन तथा ओसारपसार) निर्देशिका २०७३

६. यार्सागुम्बाले नेपाली अर्थतन्त्रमा पारेको प्रभाव अध्ययन प्रतिवेदन-२०७२ नेपाल राष्ट्र बैंक अनुसन्धान विभाग